


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क ३५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ फागन ६ गते शुक्रबार ❑ 18 Feb. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## गठबन्धनविरुद्ध जानु कांग्रेसलाई फाइदा छैन : वरिष्ठ नेता पौडेल

**पोखरापत्र संवाददाता**
**दमौली, ५ फागुन**

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले वर्तमान समयमा गठबन्धनविरुद्ध जानु कांग्रेसका लागि हितकर नहुने बताउनुभएको छ।

नेपाली कांग्रेस तनहुँ क्षेत्र नम्बर १ ले बिहीबार दमौलीमा आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा वरिष्ठ नेता पौडेलले कांग्रेसले एक्लै लड्ने आत्मविश्वास भने राख्नुपर्ने बताउनुभयो । 'कांग्रेसे एक्लै लड्छौं भनेर मात्र हुँदैन, कम्युनिष्ट एकता कायम गराउन बाध्य पार्नुहुँदैन', उहाँले भन्नुभयो, 'एक्लै लड्ने आत्मविश्वास भने राख्नुपर्छ ।' कांग्रेस विगतमा पनि




एक्लै लडेको चर्चा गर्दै उहाँले परिस्थितिअनुसार अगाडि बढ्नु अहिलेको आवश्यकता रहेको बताउनुभयो। 'समावेशीताका कारण एउटै पार्टीको बहुमत आउने अवस्था छैन, तालमेल गरेर कांग्रेसलाई ठूलो पार्टी बनाउनुपर्छ'', उहाँले भन्नुभयो । कांग्रेस केन्द्रीय सदस्य शंकर भण्डारीले देशभर भएका विकासको काम कांग्रेसले गरेको बताउँदै जनतालाई यसबारेमा बुझाउन आवश्यक रहेको बताउनुभयो । भएका गल्ती कमजोरी सुधार्दै अगाडि बढ्नुपर्ने बताउँदै उहाँले कांग्रेसभित्र हातेमालो र हार्दिकता सिर्जना गर्नुपर्ने जोड दिनुभयो ।

चुनाव जित्ने नाममा गठबन्धन गर्न आवश्यक नरहेको भन्दै उहाँले कांग्रेसले एक्लै चुनाव जित्ने दाबी गर्नुभयो । केन्द्रीय सदस्य प्रदीप पौडेलले कांग्रेस एकआपसमा मिले मात्र निर्वाचन जित्न सकिने बताउनुभयो। क्षेत्रीय सभापति श्याम मौरातीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा केन्द्रीय सदस्यद्वय गोविन्द भट्टराई, ध्रुव वाग्ले, निवर्तमान जिल्ला सभापति वैकुण्ठ न्यौपानेलगायतले बोल्नुभएको थियो।

## निर्वाचनका लागि दल दर्ता गर्न आह्वान

**राससं**
**काठमाडौं, ५ फागुन**

निर्वाचन आयोगले आगामी वैशाख ३० गते हुने स्थानीय तह निर्वाचनमा भाग लिन चाहने राजनीतिक दललाई ११ दिनको समय दिएर दल दर्ताका लागि निवेदन आह्वान गरेको छ।

स्थानीय तह निर्वाचन प्रयोजनका लागि राजनीतिक दल दर्ता गर्न आयोगले आजदेखि फागुन १५ गतेसम्मको समयावधि तोकेर सूचना प्रकाशित गरी दल दर्ता गर्न आह्वान गरेको हो। सोही अवधिभित्र राजनीतिक दलका तर्फबाट औपचारिकपत्र प्रदान गर्ने पदाधिकारीको दस्तखत नमूना पठाउन पनि भनिएको छ । ती दुवै कार्यका लागि आयोगको राजनीतिक दल व्यवस्थापन शाखाबाट सहजीकरण हुनेछ । नेपालको संविधान र राजनीतिक दलसम्बन्धी ऐनअनुसार आयोगमा दर्ता भएका कुनै पनि दलले तोकिएको निर्वाचनमा भाग लिन दल दर्ता गराउनुपर्छ।

दल दर्ताका लागि निवेदन दिँदा दलको विधान, घोषणापत्र, नियमावली, झण्डा र चिह्नको नमूना, कम्तीमा २१ सदस्य केन्द्रीय समितिको व्यवस्था तथा अघिल्लो वर्षको लेखापरीक्षण प्रतिवेदनलगायत कागजात तथा विवरण पेश गर्नुपर्ने छ । विधान र नियमावली लोकतान्त्रिक, पाँच वर्षमा एक पटक सङ्घीय र प्रदेश तहका प्रत्येक पदाधिकारीको निर्वाचन भएको तथा विभिन्न तहका कार्यकारिणी समितिमा नेपालको विविधतालाई प्रतिनिधित्वको व्यवस्था भएको हुनुपर्नेजस्ता सर्तसहितका काजजातसमेत दर्ताका अवसरमा पेश गर्नुपर्ने छ। राजनीतिक दलको विधानमा दलको नाम, झण्डा, छाप, चिह्न, कार्यालयको ठेगाना, सङ्गठनात्मक संरचना, सदस्यता प्राप्त र गुम्ने अवस्था, केन्द्रीय, प्रदेश र स्थानीय तहको विवरण, महाधिवेशनसम्बन्धी व्यवस्था, बैठक बोलाउने र निर्णय गर्ने कार्यविधिलगायतको व्यवस्था उल्लेख हुनुपर्ने व्यवस्था छ।

दलको कोष, आर्थिक व्यवस्थापन र त्यसका जिम्मेवार पदाधिकारी, उम्मेदवार मनोनयन कार्यविधि, अनुशासन कारबाही र पुनरावेदन सुन्ने संयन्त्र, लेखा परीक्षण, नीति तथा कार्यक्रम निर्माणमा सदस्य तथा तल्ला निकायको सहभागिता, विधान संशोधन, विघटन, नियमावली बनाउने अधिकार, सदस्यता र नवीकरण शुल्कलगायत विषय विधानमै उल्लेख हुनुपर्नेछ । आयोगमा हाल करिब ११९ दल दर्ता कायम छ। विसं २०७४ को निर्वाचनमा भाग लिएका दलमध्ये स्थानीय तहमा तत्कालीन १८ दलको प्रतिनिधित्व थियो।

नेपालमा राजनीतिक दलको गठनको थालनी विसं १९९३ देखि नै भए पनि राजनीतिक दलले पछिसम्म वैधानिक मान्यता प्राप्त गर्न सकेका थिएनन् । मुलुकमा प्रजातन्त्रको स्थापनाका लागि भएको २००७ सालको क्रान्तिको सफलतापछि नेपालको अन्तरिम शासन विधान, २००७ बाट मात्र राजनीतिक दलले वैधानिक मान्यता प्राप्त गरेका हुन्।

यद्यपि मुलुकमा विसं १९९३ जेठ २० गते प्रजापरिषद् नामक राजनीतिक दलको जन्म भएको हो। आयोगका अनुसार त्यसपछि क्रमशः विसं २००३ मा नेपाली राष्ट्रिय कांग्रेस, विसं २००५ मा नेपाली कांग्रेस, २००६ मा नेपाल कम्युनिस्ट पार्टी र २००७ मा गोर्खा परिषद्लगायतका दल गठन भएका थिए। मुलुकमा विसं २०१५ मा भएको पहिलोदेखि हालसम्म निर्वाचनमा भाग लिने प्रयोजनका लागि विभिन्न राजनीतिक दल आयोगमा दर्ता हुँदैआएका छन् । हाल ११९ राजनीतिक दल दर्ता भई अस्तित्वमा रहेको आयोगले जनाएको छ। नेपाल अधिराज्यको संविधान, २०१५ द्वारा नेपाली जनतालाई दल दर्ता गर्न पाउने भनी संविधानद्वारा मौलिक अधिकार

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## महावीर पुन 'गण्डकी रत्न' बाट विभूषित हुने

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ फागुन**

राष्ट्रिय आविष्कार केन्द्रका अध्यक्ष महावीर पुनलाई गण्डकी प्रदेश सरकारले 'गण्डकी रत्न' बाट सम्मानित गर्ने भएको छ। उहाँले विज्ञान र प्रविधिको क्षेत्रका उन्नयनमा महत्वपूर्ण योगदान दिनुभएको थियो।

'रामोनम्यागासेसे'पुरस्कारसमेत पाइसक्नुभएका उहाँले नेपालका विभिन्न ग्रामीण भेगमा वायरलेस इन्टरनेटको पहुँच विस्तार गरेर प्रविधिका विकासमा महत्वपूर्ण योगदान वापत सो सम्मान अर्पण गर्न लागिएको हो । गण्डकी प्रदेश मन्त्रिपरिषद्को बैठकबाट पुनलाई सम्मान गर्ने निर्णय भएको प्रदेश सरकारका प्रवक्ता कुमार खड्काले जानकारी दिनुभयो। प्रदेशको सबैभन्दा ठूलो विभूषणका रूपमा 'गण्डकी रत्न' लाई लिइन्छ । प्रदेश सरकारको स्थापनाको चौथो वार्षिकोत्सवका अवसरमा बुधबार उहाँलाई सो सम्मान प्रदान गर्ने घोषणा गरिएको हो । "पुनले विज्ञान र प्रविधिको क्षेत्रमा दिनुभएको योगदानको कदर गर्दै मन्त्रिपरिषद्ले उहाँलाई नै यस वर्षको गण्डकी रत्न दिने निर्णय गरेको हो," सरकारका प्रवक्ता खड्काले भन्नुभयो "प्रत्येक वर्ष तीन जनालाई गण्डकी रत्नबाट विभूषित गर्ने भनिएको भए पनि यो पहिलो वर्षमा एक जनालाई मात्रै विभूषित गरिएको छ।" प्रदेशको आन्तरिक मामिला मन्त्रालयले गत माघ चार गते सूचना जारी गर्दै सम्मानको दाबी गर्नेहरूबाट आवेदनको आह्वान गरेको थियो।

यस क्रममा भाषा, साहित्य, खेलकूद, पर्यटन, समाज सेवा, संस्कृति, उद्योग लगायतका क्षेत्रमा काम गर्दै आएका आठले आवेदन दिएका थिए । उनीहरू कास्कीका तीन, स्याङ्जा र तनहुँका दुई/दुई तथा लमजुङका एक थिए। 'गण्डकी रत्न' पाउने व्यक्तित्वलाई गण्डकी प्रदेशमा आयोजना हुने सभा समारोहमा प्रदेशसभा सदस्य सरहको मान्यता र सुविधा दिने व्यवस्था छ। पुनःअहिले राष्ट्रिय आविष्कार केन्द्रमार्फत विज्ञान र प्रविधिको क्षेत्रमा क्रियाशील हुनुहुन्छ । सन् १९९५ जनवरी २२ मा म्याग्दीको नागी गाउँमा जन्मिनुभएका पुन सन् १९८९ मा नेब्रास्का विश्वविद्यालयबाट विज्ञान शिक्षामा स्नातकोत्तर गर्नुभएको हो। उहाँले स्नातकोत्तर पूरा गरेपछि २४ वर्षपछि जन्म गाउँ फर्किएर कम्प्युटर शिक्षा र आय स्रोत वृद्धिलाई ध्यानमा राखी आफ्ना योजना अगाडि बढाउनुभएको थियो।

पछि सन् २०१२ मा सूचना तथा प्रविधिमार्फत देश विकासका सम्भावनाको खोज र आविष्कार गर्ने उद्देश्यले मुनाफा रहित संस्था 'राष्ट्रिय आविष्कार केन्द्र' स्थापना गरेर प्रविधिको खोजी र अनुसन्धानमा तल्लीन रहँदै आउनुभएको छ।

## ५७० मा कोरोना, ६ को मृत्यु

**राससं**
**काठमाडौं, ५ फागुन**

देशभर पछिल्लो २४ घण्टामा थप ५७० जनामा कोरोना भाइरसको संक्रमण पुष्टि भएको छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार पछिल्लो समय नौ हजार ७८९ को परीक्षण गर्दा उक्त संख्यामा संक्रमण पुष्टि भएको हो । योसँगै नेपालमा पीसीआर विधिबाट गरिएको परीक्षणमा कोरोना भाइरस संक्रमितको संख्या नौ लाख ७४ हजार ८५७ पुगेको छ। एन्टिजेन परीक्षण गर्नेको संख्या एक लाख ३८ हजार २५० रहेको छ। पछिल्लो समय थप एक हजार ९९३ निको भएका छन् । योसँगै निको हुनेको संख्या नौ लाख ४६ हजार ३३० पुगेको छ। निको हुने दर ९६ दशमलव ९ प्रतिशत रहेको पनि मन्त्रालयले जनाएको छ।

हालसम्म कोरोनाबाट मृत्यु हुनेको संखया ११ हजार ९११ पुगेको छ । पछिल्लो २४ घण्टामा थप ६ जनाले ज्यान गुमाएको मन्त्रालयले जनाएको छ। यस रोगबाट हुने मृत्यु दर १.२ प्रतिशत रहेको छ। त्यसैगरी पछिल्लो समय एक लाख ६४ हजार ४७५ ले खोप लगाएको पनि मन्त्रालयले जानकारी दिएको छ।

## चैते धानको बिक्री गर्ने जिम्मा सरकारले लिनै पर्छः मन्त्री बराल

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ फागुन**

गण्डकी प्रदेश सरकारका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले किसानले उत्पादन गरेको चैते धान बिक्रिको जिम्मा सरकारले लिनु पर्ने बताउनु भएको छ । प्रदेशको अर्थ मन्त्रालयले विहिबार नवलपुरको कावासोतीमा आयोजना गरेको बजेट कार्यान्वय र आर्थिक अनुशासन सम्बन्धि अन्तरक्रिया एवं छलफल कार्यक्रममा वोल्दै मन्त्री बरालले उक्त कुरा बताउनु भएको हो।

छलफलको क्रममा नवलपुरमा किसानले उत्पादन गरेको चैते धान बिक्रि गर्ने मुख्य समस्या भएको कुरा सार्वजनिक भएसंगै मन्त्री बरालले किसानले दुःख सुख्ख गरेर उत्पादन गरेको धानको बिक्रि वितरण गर्ने जिम्मा सरकारले लिई किसानलाई प्रोत्साहन गर्नुपर्ने बताउनु भएको छ। उहाँले भन्नु भयो "तीन तहका सरकार मध्य कुनै एक सरकारले किसानले उत्पादन गरेको धानको बिक्रि गर्ने जिम्मा लिनुपर्छ।" यस चालु आर्थिक बर्षमा ८५ प्रतिशत बजेट खर्च गर्नुपर्ने मन्त्री बरालले बताउनु भयो। विभागिय मन्त्रालयमा पहिलो समस्या राख्न आग्रह गर्दै थप




समस्या भए सिधै अर्थ मन्त्रालयमा समन्वय गर्न उहाँले आग्रह गर्नु भएको छ। संघियताको अभ्यासमा धेरै कुराको अभावको बाबजुत अब बजेट कार्यान्वयनको विकल्प नभएको मन्त्री बरालले बताउनु भयो । संघ सरकारको बजेटले मात्र प्रदेश सरकार चलाउनसको कुनै बहादुरीता नभएको उल्लेख गर्दै मन्त्री बरालले प्रदेशले आफ्नो आन्तरिक श्रोत बृद्धि गर्नै पर्ने अबस्था रहेको बताउनु भयो। तीन तहका सरकार बिच समन्वय, सहकार्य र सहअस्तित्व अति आवश्यक भएको उल्लेख गर्दै मन्त्री बरालले अझै तीन तहका सरकार बिच अझै समन्वय अभाव भएको दाबी गर्नु भयो । जिल्ला समन्वय समिति नवलपुर पूर्वका प्रमुख चेसराम आलेले आफ्नो जिल्लामा भएका योजनाहरुको बारेमा पहिले नै जानकारी भएमा मात्र त्यसको राम्रोसंग आफुहरुले अनुगमन गर्ने बताउनु भयो। संघ र प्रदेश सरकारले त्यसलाई कार्यान्वयन नगरेको उहाँले गुनासो गर्नु भयो । स्थानिय श्रोत साधनको अनुगमन समितिले गरेकोले कम्तिमा एक प्रतिशत बजेट विनियोजन गर्नु पर्ने प्रमुख आलेले माग गर्नु भयो।

अर्थ मन्त्रालयका सचिव बैकुण्ठ अर्यालले हाल ७ महिनाको बजेट कार्यान्वयन तथा यसमा देखिएको समस्या पहिचान सहित आगामी बजेन निर्माणको लागि सुझाव समेत संकलन गर्न उद्धेश्यले उक्त कार्यक्रम गरिएको बताउनु भयो । गत बर्ष नवलपुर पूर्वमा ८६ प्रतिशत बजेट कार्यान्वयन भएको बताउदै उहाँले यस चालु आर्थिक बर्षको माघ मसान्तरसम्म ७.८८ प्रतिशत मात्र खर्च भएको जनाउनु भयो । भौतिक पुर्वाधार विकास कार्यालय नवलपुरका प्रमुख रविन्द्र तिवारीले २ सय ५० भन्दा बढी टुक्रे योजनाको कारण कार्यान्वयमा कठिनाइ भएको बताउनु भयो । यस चालु आर्थिक बर्षको माघ मसान्तरसम्म ११ प्रतिशत बजेट खर्च भएको बताउदै हालसम्म ३ करोड ४० लाख बहुबर्षीय योजनाको दाहित्व सृजना भएको जनाउनु भयो। जलश्रोत तथा सिंचाई डिभिजन कार्यालय नवलपुरका प्रमुख मिलन पौडेलले जनताका आवश्यकता र योजना छनौटको तालमेल नमिलेको गुनासो गर्नु भयो। यातायात व्यबस्था कार्यालय नवलपुरका निमित्त कार्यालय प्रमुख टेक बहादुर घर्ती यस क्षेत्रमा बढी सवारी साधन तर अनेत्र दर्ता भएको बताउनु भयो । कृषि ज्ञान केन्द्र नवलपुरका प्रमुख गोपाल शर्मा लामिछानेले चैते धान उत्पादन पछि बिक्रि गर्ने समस्या रहेको बताउनु भयो। सवारी सधान, कर्मचारी तथा कम बजेट भएको उहाँले गुनासो गर्नु भयो । पशु विज्ञ केन्द्र नवलपुरका संदिप लामिछाने आकस्मित रोगहरुको उपचारमा आफ्नो भवन नहुदा र दक्ष प्राविधिक कम हुदा कठिन भएको बताउनु भयो । घरेलु तथा

**बाँकी अन्तिम पृष्ठमा ▶▶**



# 'कानुन कार्यान्वयनमा नआउँदा पीडितको सङ्ख्या बढ्दै'

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ फागुन**

संवैधानिक व्यवस्थाको प्रभावकारी कार्यान्वयन हुन नसक्दा समाजमा मानवअधिकार उल्लङ्घनका घटनामा कमि आउन नसकेको एक कार्यक्रमका वक्ताले जोड दिएका छन् ।

राष्ट्रिय मानवअधिकार आयोगद्वारा पोखरामा बुधबार आयोजित मानवअधिकारसम्बन्धी छलफल तथा अभिमुखीकरण कार्यक्रममा वक्ताले पीडितलाई न्याय र पीडकलाई कारबाही गर्न संविधानको कार्यान्वयन पक्ष बलियो हुनुपर्नेमा जोड दिएका छन् । समाजका विपन्न एवं पछाडि परेको वर्गलाई आर्थिक, सामाजिक एवं सांस्कृतिकरुपमा सक्षम नभएसम्म त्यस्ता वर्ग जोखिमा पर्ने बताउँदै वक्ताले अधिकार सुनिश्चितताका लागि तीनै तहका सरकार जिम्मेवार हुनुपर्ने आवश्यकता औंल्याउनुभयो । राष्ट्रिय मानवअधिकार आयोगका सदस्य मनोज दवाडीले प्रत्येक मानिसले जन्मजातै प्राप्त गर्ने अधिकार सुनिश्चित गर्न आयोग जिम्मेवार भएर अघि बढेको बताउनुभयो । नागरिकताको समस्या पहाड र तराईमा फरक भएको उल्लेख गर्दै उहाँले संसद्मा नागरिकता विधेयक अलपत्र पर्दा जन्मसिद्ध प्राप्त गर्ने अधिकारबाट अहिले पनि कतिपय व्यक्ति वञ्चित हुनुपरेको बताउनुभयो ।

इन्सेक गण्डकी प्रदेश कार्यालय पोखराका संयोजक शिव खकुरेलले प्रदेशमा छ महिनाको अवधिमा १२५ महिला र ५४ बालबालिका विभिन्न घटनामा पीडित भएको जानकारी दिनुभयो । उहाँका अनुसार सो अवधिमा बालबालिकाविरुद्ध भएका हिंसाबाट पीडित सङ्ख्यामध्ये बलात्कार ३९, यौन दुर्व्यवहार छ, विद्यालयमा दिइने शारीरिक दण्ड सजाय सात, बालविवाह एक र नवजात शिशु हत्या एक रहेका छन् । त्यसैगरी महिलाविरुद्ध भएका हिंसाबाट पीडित सङ्ख्यामा बलात्कार १६, बलात्कार प्रयास छ, यौन दुर्व्यवहार एक, बहुविवाह दुई, बेचबिखन तथा ओसारपसार एक र घरेलु हिंसा ९९ घटेको इन्सेकको तथ्याङ्कमा उल्लेख छ । महिला तथा बालबालिका, ज्येष्ठ नागरिक अधिकार, जातीय विभेदविरुद्ध एवं तेस्रो लिङ्गीको अधिकार, वैदेशिक रोजगारका कारणले सिर्जित पारिवारिक विखण्डन, शिक्षा, स्वास्थ्य, खाद्य र आवासका सवाल, कारागार सुधार, नागरिकता र जन्मदर्ताका जस्ता गण्डकी प्रदेशका मानव अधिकारका मुख्य सवाल रहेको खकुरेलको भनाइ छ ।

पोखरा महानगरपालिकाका प्रवक्ता एवं वडा नं ५ का वडाध्यक्ष धनबहादुर नेपालीले महानगरले १२४ कानुन निर्माण गरेको जनाउँदै समाजमा हुने हिंसाका पीडितलाई न्याय प्रदान गर्न र पीडकलाई सजाय दिन सरोकारवालासहितको समन्वय समिति गठन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

कार्यक्रममा पोखरा-७ र ८ वडाध्यक्ष रामचन्द्र बराल र रुद्रनाथ बराल, वडासदस्य हरिमाया विश्वकर्माले कतिपय कानुनी अड्चनका कारण जन्मदर्ता एवं नागरिकताबाट वञ्चित हुनुपरेको सामूहिक धारणा राख्नुभयो ।

राष्ट्रिय मानवअधिकार आयोग गण्डकी प्रदेश प्रमुख चन्द्रकान्त चापागाईको अध्यक्षतामा भएको कार्यक्रममा आयोगका निमित्त प्रमुख प्रवर्द्धक दीपेन्द्रबहादुर सिंह, सहसचिव दीपकध्वज कार्की, नेपाल रेडक्रसका सूर्यप्रसाद ढकाल, पत्रकार असफल गौतम, टङ्क खनाल, महिला तथा बालबालिकाको क्षेत्रमा कार्यरत विभिन्न सङ्घसंस्थाका प्रतिनिधिले अधिकार सुनिश्चितताका लागि स्थानीय सरकार सशक्त हुनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

# एमसिसि बैदेशिक सहयोग राष्ट्र हितमा छ : केन्द्रीय सदस्य बराल

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ फागुन**



नेपाली काग्रेसका केन्द्रिय सदस्य गुरु बरालले एमसिसि र विआर आई जस्ता बैदेशिक सहयोग राष्ट्र हितमा रहेको बताएका छन ।

एमसिसि सहयोग नेपालले लिन असयोग गरेमा नेपालमा उत्पादन गरेको विद्युत अबको पाँच बर्षमा खोलामा फाल्नु पर्ने अवस्था आउन सक्ने कुराको संकेत गर्दै बरालले नेपाल जस्तो विकास उन्मुख राष्ट्रले एमसिसि सहयोग लिनु पर्ने कुरामा जोड दिए । नेपाली काग्रेस पोखरा महानगर पालिका ६ ले बुधबार अयोजना गरेको चार नम्बर टोल कार्यसमिति गठन सहिति जेष्ठ नागरिक सम्मान कार्यक्रमको उद्घाटनमा उनले अरुण तेस्रो आयोजना फिर्ता पठाउदा नेपालीले १० बर्ष लोडसेडिङ मार खेपेर अध्यारोमा बस्नु परेको कुराको स्मंरण गर्दै, राष्ट्र हित आउने बैदेशिक सहयोगलाई अनागल प्रचार नगर्ने कम्मुनिष्टलाई आग्रह गरे । नेपाली काग्रेस कास्की ससचिब शकर ढुङ्गानाले आगामी वैशाख ३० हुने स्थानीय तहको निर्वाचनलाई लक्षित गरी टोल कार्यसमितिलाई आवश्यक रणनीति बनाउएर काँग्रेसका उमेद्वारलाई विजय बनाउन निर्देशन दिएका थिए । पोखरा महानगर पालिका वडा न ६ का अध्यक्ष जगतबहादुर पहारीले स्थानिय तहमा नेपाली काँग्रेसको विजय सुनिश्चित गर्न नयाँ रणनीति बनाउन जरुरी रहेको सुझाए । महाधिबेशन प्रतिनिधि हिरा भट्टराईले नेपाली काग्रेसले कार्यक्रर्तालाई उद्यमि बनाइ उद्यमशिलता सगै सगै अगाडी बढ्नु पर्ने कुरामा जोड दिएकी थिइन । बैदामका इकाइ सभापति सन्तोष पौडेलले अग्रजहरुले देखाएको बाटोमा हिडन सकेमात्र काग्रेसको भविष्य उज्वल रहेको बताए । टोल समितिको दोश्रो अधिवेशनबाट गुरुत्त कोइराला(राम्जी) लाई सर्वसम्मत सभापतिमा चयन भएका हुन् । टोलको उपसभापतिमा झलक सुबेदी सचिवमा लेखनाथ भुसाल , कोषाध्यक्षमा दिपक भट्टराई र सहसचिवमा विष्णु गिरी चयन भएका छन् । बाँकी थप सदस्य समितिलेनै मनोनित गर्नेगरि समिति गठन भएको हो ।

नवनिर्वाचित सभापति कोइरालाले टोल भित्रका सबै काग्रेसीहरुलाई गोलवन्द गर्दै अघि बढ्ने प्रतिवद्धता जनाए । बैदाम क्षेत्रमा रहेका जरेबर, बसन्त बैठक, डिहिको पाटन, पधेरो, तिलबारी र नहर मार्गलाई गोलबद्ध गरि टोललाई ४ नम्बर नामाकरण गरिएको उपसभापति अनिल पहारीले जानकारी गराए ।

टोल सभापति जिबनाथ गौतमको सभा अध्यक्षतामा भएको कार्यक्रममा जेष्ठ सदस्य होमनाथ पहारी, सल्लाहकार तथा पूर्व वडा अध्यक्ष होमबहादुर लामिछाने, टोल सभापति रबिन्द्र कुवँर, टोल सभापति विकास लामिछाने, सल्लाहकार तेजनारायण पराजुलि लगाएतका बक्ताहरुले कांग्रेसको विभिन्न तहका समितिहरुले विधान अनुसार विभिन्न विभाग र समितिहरु समयमै गठन गर्न र नियमित बैठक गरेर समयानुकूल निर्णय गर्नुपर्ने खाँचों औल्याएका थिए ।

# साइकल सिटी पोखराको ५ औं अधिबेशन सम्पन्न

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ फागुन**



स्वास्थ्य वातावरण र पर्यटनका लागी साइकल भन्ने मुल नाराका साथ स्थापना भएको साइकल सिटी पोखराको १० औं साधारण सभा तथा५ औं अधिबेशनबाट अभिषेक कोइरालाको अध्यक्षतामा ११ सदस्यीय कार्य समिति निर्विरोध चयन भएका छन् ।

क्लबको उपाध्यक्षमा राजन गङ्गजु, सचिवमा जय गुरुङ्ग, कोषाध्यक्षमा दिपक कार्की सह-सचिवमा धरम बहादुर लामिछाने सदस्यहरुमा मोहन सिंह लालचन, नवराज थापा, दिपेन्द्र मर्सानी, दुर्गा प्रसाद अधिकारी, रक्से लामा र राजिव मुल्मी निर्विरोध निर्वाचित भएको कुरा निर्वाचन संयोजक प्रकाश बज्राचार्यले जानकारी दिएका छन । प्रमुख अतिथि पुराना साईकलिस्ट तथा चित्रकार आलोक गुरुङ्गले साइकलको महत्व र उपयोगिता धैरै नै रहेको र स्वास्थ्य तथा पर्यावरणका लागी अति उपयोगी भएको उल्लेख गरे तेस्तै अतिथि कास्की जिल्ला साइक्लिङ्ग संघका अध्यक्ष शंकर भण्डारी, पुर्व अध्यक्ष प्रकाश बज्राचार्य, जितेन्द्रमान शाक्यले साइकल सिटी पोखराले उल्लेखनीय कार्य गरेकोमा धन्यवाद व्यक्त गरेका थिए । सभाले कोषाध्यक्ष जय गुरुङ्गले प्रस्तुत गरेको आर्थिक प्रतिबेदन सर्वसम्मत पारित गरेको थियो । कार्यक्रममा साइकल सिटी पोखराले आयोजना गरेको टुर दि पोखरा भब्य र सभ्य रुपमा सम्पन्न गरेकोमा संयोजक राजन गोङ्गजुलाई मायाको चिनो प्रदान गरिएको थियो भने साइकल मार्फत बिभिन्न ठाउँहरुको प्रमोशन साथै भिजिट गर्ने साइकलिष्टहरुलाई सम्मान गरिएको थियो ।

क्लबका अध्यक्ष महेन्द्रराज कोइरालाको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत उपाध्यक्ष अभिषेक कोइराला र कार्यक्रम संचालन जय गुरुङ्गले गरेका थिए ।

# पोखरामा रेवान भेट्रान्स टेनिस प्रतियोगिता हुने

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ फागुन**

कास्की जिल्ला टेनिस संघको आयोजना तथा रेवान पोखराको मुख्य प्रायोजनमा पोखरा रंगशालामा रेवान पोखरा भेट्रान्स टेनिस प्रतियोगिता-२०७८ हुने भएको छ । ३५ वर्ष माथि सिनियर भेट्रान्स तथा भेट्रान्स विगिनर गरि दुई वटा इभेण्टमा प्रतिस्पर्धा हुने आयोजक संघका सचिव नविन श्रेष्ठले जानकारी दिए । नवप्रवेशितर्फको भेट्रान्स प्रतिस्पर्धा फागुण ८ देखि हुनेछ । त्यस्तै फागुण १० देखि सिनियर तर्फको प्रतिस्पर्धा शुरु हुनेछ । नवप्रवेशितर्फका सेमिफाइनलिष्टले सिनियरतर्फको मुख्य प्रतिस्पर्धामा भाग लिन पाउने आयोजक संघले जनाएको छ । प्रतियोगितामा खुल्ला एकलतर्फका विजेताले नगद १५ हजार तथा दोश्रो हुनेले नगद ७ हजार ५ सय सहित ट्रफि पुरस्कार प्राप्त गर्नेछन् ।

डबल्सतर्फ विजेताले नगद १० हजार तथा उपविजेताले नगद ५ हजार सहित ट्रफि पुरस्कार प्राप्त गर्नेछन् । नवप्रवेशितर्फका विजेता र उपविजेताले ट्रफि पुरस्कार प्राप्त गर्नेछन् । फागुण १४ सम्म चल्ने प्रतियोगिताका लागि आयोजक संघले शक्ति शर्मालाई टुर्नामेण्ट डाइरेक्टरमा चयन गरेको छ ।

रेवानले यो प्रतियोगितालाई वार्षिक कार्यक्रममा राखेको छ । प्रतियोगितालाई आगामी वर्षहरुमा पनि निरन्तरता दिंदै राष्ट्रिय स्तरको बनाइने रेवान पोखराका अध्यक्ष लक्ष्मण बरालले जानकारी दिए । खेलकुदका मार्फत पर्यटन प्रवर्द्धनका लागि टेनिसलाई सहयोग गरेको उनको भनाई छ ।

## चैते धानको...

साना उद्योग कार्यालय नवलपुरका अधिकृत राधिका सापकोटाले १४ जना कर्मचारीको दरवन्दी भएकोमा हाल ७ जना मात्र कर्मचारी रहेको जनाउनु भयो । मध्यविन्दुर जिल्ला अस्पतालका जनस्वास्थ्य अधिकृत छविलाल सुवेदीले फागुन देखि तलव खुवाउने रकम समेत नभएको गुनासो गर्नु भएको छ । हाल ५० प्रतिशत बजेट खर्च भएको उहाँले बताउनु भयो । डिभिजन वन कार्यालय नवलपुरका प्रमुख मोहनराज काफ्लेले थोरै वन रक्षक सहितका कर्मचारी अभाव भएको बताउदै २ सय ८ वटा सामुदायिक वन भएको बताउनु भयो । यस जिल्लाबाट सवै भन्दा बढी राजश्व संकलन गर्ने कार्यालय भएकोले आफ्नै भवन समेत आवश्यक भएको उहाँले बताउनु भयो। कोष तथा लेखा नियन्त्रक कार्यालय नवलपुरका लेखापाल बुद्धि प्रसाद अधिकारीले हालसम्म यस जिल्लामा ८ प्रतिशत मात्र प्रगती भएको बताउनु भयो । नवलपुरका सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ बरालको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो ।

## निर्वाचनका...

प्रत्याभूत गरेको थियो । त्यसपछि विसं २०१७ मा पञ्चायती व्यवस्थाको घोषणा भई दलमाथि प्रतिबन्ध लगाइयो ।

मुलुकमा प्रजातन्त्रका लागि राजनीतिक सक्रिय रही सङ्घर्ष गरेकाले २०४६ मा जनआन्दोलन सफल भई प्रजातन्त्र पुर्नबहाली गर्न सम्भव भएको हो । नेपाल अधिराज्यको संविधान, २०४७ ले राजनीतिक दल दर्ता गर्न पाउने नेपाली नागरिकलाई मौलिक हकको प्रत्याभूत गऱ्यो । सोही क्रममा राजनीतिक दललाई नियमन गर्न निर्वाचन आयोग ऐन, २०४७ निर्वाचन (कसुर र सजाय) ऐन, २०४७, प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०४७ लागू भयो ।

### कोभिड संक्रमण भई घरमै बस्दा ध्यान दिनुपर्ने कुराहरू

- पर्याप्त हावा ओहोरदोहोर गर्ने अलग्गै कोठाको प्रयोग गरौं ।
- अरु व्यक्तिसँग भेटघाट नगरौ, भेटघाट गर्नै परेमा कम्तिमा २ मिटरको दूरी राखौ र मास्कको अनिवार्य प्रयोग गरौं ।
- घरका अन्य सदस्यहरुले सम्भव भएसम्म अलग्गै शौचालय तथा बाथरुमको प्रयोग गरौं ।
- क्वारेन्टाईनमा बसेको व्यक्तिले प्रयोग गरेको मास्क तथा पन्जा जथाभावी नफालौं र सुरक्षित स्थानमा नष्ट गरौं ।
- अलग भाडाकुँडा प्रयोग गरौं ।
- समय समयमा साबुन पानीले कम्तिमा २० सेकेण्ड मिचिमिचि हात धुने अथवा सेनेटाईजर प्रयोग गरौं ।
- प्रयोग गरिएका सामग्रीहरु साबुनपानीले धोई सम्भव भएसम्म घाममा सुकाऔं ।
- खोक्दा वा हाच्छिउँ गर्दा मुख र नाक रुमाल वा कुहिनाले छोपौं ।
- ज्वरो, खोकी, स्वासप्रस्वासमा समस्या, घाँटी दुख्नेजस्ता समस्या देखापरेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडबडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

अब तपाई हाम्रो शहर पोखरामा
कपाल प्रत्यारोपण Hair Transplant
कपाल सम्बन्धी
सम्पूर्ण समस्याको उपचार
डा. कमल राज घिताल काठमाडौं हयाम्स हस्पिटलबाट यहि फागुन ७ गते शनिबारका दिन यस उपचार केन्द्रमा आउनुहुने भएकोले छाला कपाल तथा यौन रोगका कुनै पनि समस्या भएका विरामिहरुले तुरुन्त सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।
- समय अगाडि कपाल झर्ने
- अगाडीको कपाल झरेको
- लामो समयसम्म कपाल झर्ने
- टाउकोमा टाटुरु परेको,
- अगाडीको कपाल पातलो भएको,
- कपालमा चाया पर्ने, घाउ खटिरा भएका
- नयाँ कपाल रोप्नु परेमा,
- कपाल नराम्रो देखिने,
- कपाल झुसिलो देखिने,
- कपालका कुनै पनि समस्या भएमा,
- कपाल नयाँ राख्नु परेमा
- कपाल लामो, बाक्लो, आर्कषक बनाउनु परेमा सम्पर्क राख्नुहोला
२०७८ फागुन ७ गते शनिबार
छाला तथा यौन रोगका कुनै पनि समस्या भएमा सम्पर्क राख्नुहोला ।
बिरामी परिक्षण विहान ९ बजे बाट बेलुका ४ बजे सम्म फोन बाट पनि नाम दर्ता गराउन सकिने छ ।
आरोग्यम छाला, कपाल तथा यौन रोग उपचार केन्द्र
AROGYAM SKIN CARE, LASER AND HAIR TRANSPLANT CENTRE
पोखरा-१०, इन्द्रचोक पोखरा रङ्गशाला नजिकै
०६१-४३२२४२, ४३०४०७, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सूक्तिसुधा**

कमाउन जति गाह्रो छ, गुमाउन त्यति सजिलो हुन्छ ।

– स्वेटमार्डेन

## सम्पादकीय

# सत्ता गठबन्धनमा खटपट

सत्ता गठबन्धनको बैठकमा अमेरिकी सहयोग सम्बन्धी सम्झौता एमसीसी प्रतिनिधिसभामा पेश गर्ने बारेमा सहमति जुट्न सकेको छैन । एमसीसी संसदमा टेबुल गर्न दिन सत्ता साझेदार नेकपा माओवादी केन्द्रीय र नेकपा एस राजी भएकै कारण प्रधानन्यायाधीश चोलेन्द्र संशेर राणा विरुद्ध महाअभियोग ल्याइएको थियो । माओवादी अध्यक्ष पुष्प कमल दाहाल प्रचण्ड र नेकपा एस का अध्यक्ष माधवकुमार नेपाल एमसीसी प्रतिनिधि सभाम पेश गर्न दिने सहमतिबाट पछि हटेका छन । सरकारमा पनि बस्ने सरकारले छलफलमा ल्याउन लागेको प्रस्तावको विरोधमा सडक प्रदर्शन गर्दै आएका छन । अमेरिकालाई पत्र लेखेर अनुमोदन गर्छौं पनि भन्ने सडकमा विरोध गर्नेछ द्वैध चरित्र देखाउँदै आएका छन । सबैको पालामा अघि बढेको विकास सम्झौतालाई राजनीति, कुटनैतिक चस्माबाट हेर्न थालेपछि गिजोलिएको छ । फागुन १६ गतेभित्र अनुमोदन गर्नुपर्ने समयसीमा छ । प्रधानमन्त्री शेर्पा बहादुर देउवाले सत्ता गठबन्धनलाई जोगाउने र एमसीसी अनुमोदन गराउन निकै कसरत गरेका छन ।

शुक्रबारको प्रतिनिधि सभा बैठकमा पेश गर्ने गरि गठबन्धन दलको बैठकमा सहमति जुट्न सकेन । दलहरू पुरानै अडानमा रहँदा एमसीसी र गठबन्धनको भबिस्य धरापमा परेको छ प्रधानमन्त्री देउवाले विकल्प खोज्न सत्ता साझेदारले बाध्य पारेका छन । सत्ता गठबन्धनको बैठक सकिएलगत्तै प्रधानमन्त्री शेरबहादुर देउवा नेकपा एमाले अध्यक्ष केपी शर्मा ओलीलाई भेट्न उनको निवास बालकोट पुगेका छन् । बालुवाटारमा बसेको सत्ता गठबन्धनको बैठकमा एमसीसीको विषयमा सहमति जुट्न नसकेपछि प्रधानमन्त्री देउवा पत्नी आरजुसहित बालकोट पुगेर प्रचण्ड र नेपाललाई दबाबमा राख्न खोजेका छन ।

कांग्रेसका नेताहरुका अनुसार देउवा सकेसम्म नै संसद बैठकमा एमसीसी टेबल गर्न चाहन्छन् । उनले त्यही प्रस्ताव सत्ता गठबन्धनको बैठकमा समेत राखेको समाचार सार्वजनिक भएको छ । नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीले कुनै पनि हालतमा भोलि एमसीसी टेबल गर्न नदिने अडान लिएका छन । सत्ता साझेदार दलबीच सहमति हुन नसक्दा तीन घन्टाको छलफल बिना निष्कर्ष टुंगिएको छ । एमसीसीलाई अगाडि बढाउन प्रधानमन्त्री देउवाले गठबन्धनको विकल्पमा समेत छलफला जारी राखेका छन् । कांग्रेस नेता मिनेन्द्र रिजाल ओलीलाई भेट्न बालकोट पुगेका थिए । एमसीसी अनुमोदनका लागि सहयोग गर्न र सरकार अल्पमतमा परिहाले समर्थन गर्न देउवाले ओलीसमक्षा प्रस्ताव गर्ने अनुमान गरिन थालिएको छ ।

माओवादी र एकीकृत समाजवादीले गत शनिबार भएको समझदारी विपरित एमसीसीको विपक्षमा मतदान गर्ने निर्णय लिएपछि देउवाले बैकल्पिक गठबन्धन निर्माणका लागि समेत कसरत थालेका छन । देउवाले पार्टीका केही नेताहरुलाई एमाले अध्यक्षसँग छलफल गर्न खटाएका थिए । कांग्रेस नेता मिनेन्द्र रिजालले बिहीबार बिहानै बालकोट पुगेर ओलीलाई भेटेका थिए भने संचारमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले टेलिफोन संवाद गरेका थिए ।

प्रधानमन्त्री देउवा, माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल र एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालबीच गत शनिबार एमसीसी टेबुल गर्ने, मतदानमा अनुपस्थित भएर अनुमोदनका लागि सहयोग पुऱ्याउने र प्रधान्यायायधीश चोलेन्द्र शमसेर राणाबिरुद्ध महाअभियोग दर्ता गर्ने समझदारी बनेको थियो । नेताहरुबीच समझदारी बने पनि कार्यान्वयन नहुने रोग नै हो । सहमति पालना गर्न भन्दा तोड्नका लागि हो भने छाप परेको छाछ महिनापछि समिकरण फेरिने रोगले गर्दा पाँच दलीय गठबन्धनमा खटपट आएको हो । अस्थिरता रुचाउने नेताहरुको कारण प्रधानमन्त्री र मन्त्रीहरूबीचमा अविश्वास पैदा हुन्छ । त्यसका असर कर्मचारीतन्त्रमा पर्छाविकास निर्माण र बैदेशिक सम्बन्धमा पनि पर्छ । नेताहरूले कस्ले कस्लाई भुक्याउने खेल रहँदासम्म सरकार सधैं अस्थिर रहनेछ ।



# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : सहयोग मिल्नेछ |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : मन चञ्चल |
| मिथुन | : आर्थिक समस्या | धनु | : व्यापारमा लाभ |
| कर्कट | : मानसिक तनाव | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : झमेला बढ्ने | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : सम्मान मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# ३२ विद्यालय छनोट

**पोखरापत्र संवाददाता**
**लमजुङ, ५ फागुन**

यहाँका ३२ विद्यालयलाई राष्ट्पति शैक्षिक सुधार कार्यक्रमका लागि छनोट भएका छन् ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानवस्रोत विकास केन्द्रका अनुसार छनोट परेका विद्यालयले रु ६ करोड २१ लाख अनुदान पाउने छन् । जिल्लाका छनोटमा परेका विद्यालयमध्ये बेँसीशहर नगरपालिकामा छ, सुन्दरबजार नगरपालिकामा पाँच, मध्यनेपाल नगरपालिकामा चार, राइनास नगरपालिकामा- आठ, दोर्दी गाउँपालिकाका पाँच, दूधपोखरी गाउँपालिकामा एक र मर्स्याङदी गाउँपालिकाका- ३ विद्यालय छनोट भएका छन् ।

क्व्होलासोथर गाउँपालिकाका विद्यालय भने छनोटमा नपरेका बताएको छ । ती विद्यालयमा दुई कोठे र चार कोठे निर्माण, प्रयोगशाला स्थापना, आइसिटिका लागि बजेट विनियोजन भएको छ । आइसिटिका लागि ६ लाख ५० हजार रुपैयाँ, दुई कोठे भवनका लागि १८ लाख, चार कोठे भवनका लागि ३६ लाख, प्रयोगशालाका लागि १० लाख बजेट विनियोजन भएको छ ।

# स्वास्थ्य कार्यालय उत्कृष्ट

**पोखरापत्र संवाददाता**
**बेनी, ५ फागुन**

गण्डकी प्रदेश सरकार मातहतका कार्यालयमध्ये म्याग्दीमा स्वास्थ्य कार्यालय उत्कृष्ट घोषित भएको छ ।

गण्डकी प्रदेश स्थापना दिनका अवसरमा हरेक जिल्लामा उत्कृष्ट कार्यालय घोषणा गरिएको हो । एक महिनाअघि हरेक जिल्लामा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट खटिएको टोलीले विभिन्न सूचकका आधारमा कार्यालयको मूल्याङ्कन गरेको थियो । मूल्याङ्कनमा म्याग्दीबाट उत्कृष्ट कार्यालयमा पर्न सफल भएको जानकारी आएको उक्त कार्यालयका प्रमुख एकनारायण लम्सालले जानकारी दिनुभयो । "विषम परिस्थितिमा पनि कार्यालय र कार्यालय मातहतबाट भएका सामूहिक एकताका कारण उत्कृष्ट कार्यसम्पादन सम्भव भएको हो, प्रदेश सरकार र कार्यालयका सबैप्रति आभार व्यक्त गर्न चाहन्छु", उहाँले भन्नुभयो । प्रदेश सरकारले मातहतका कार्यालयको सुशासन, कार्यालय व्यवस्थापन, प्रगतिलगायतको सूचकका आधारमा स्थलगत अनुगमन गरी मूल्याङ्कन गरेर उत्कृष्ट कार्यालय छनोट गरेको हो । उक्त कार्यालयले जिल्लामा कोरोना महामारीका बेला उत्कृष्ट कार्य गर्दै आएको थियो । खासगरी खोप अभियानमा कार्यालयले महत्वपूर्ण भूमिका निर्वाह गरेको थियो । जिल्लामा लक्षित समुदायको ९९ प्रतिशत नागरिकले कोरोनाविरुद्ध पहिलो र दोस्रो डोजको पूर्ण मात्राको खोप लगाइसकेको जनाएको सो कार्यालयले स्थानीय तह र स्वास्थ्य संस्थामा समन्वय गर्नाका साथै खोपको भ्याक्सिन, औषधि, औजार र उपकरणको आपूर्ति, स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धि, स्वास्थ्य कार्यक्रमको अनुगमन, पृष्ठपोषणलगायत कार्य गर्दै आएको थियो ।

# ज्येष्ठ नागरिकलाई सहायता

**पोखरापत्र संवाददाता**
**बागलुङ, ५ फागुन**

ज्येष्ठ नागरिकको जीवनयापनलाई सहज बनाउन ताराखोला गाउँपालिकाले ८५ वर्ष नाघेका सबैलाई फाइबर सिरक र टर्च लाइट प्रदान गरेको छ ।

पाँचवटै वडामा गरी ८३ ज्येष्ठ नागरिकलाई ती सामग्री वितरण गरिएको गाउँपालिकाले जनाएको छ । ज्येष्ठ नागरिकको सम्मानार्थ गाउँपालिकाले चालु आवमा रु दुई लाख ५० हजार बजेट छुट्याएको थियो । सोही बजेटबाट ८५ वर्षमाथिका सबै नागरिलाई सम्मान र सहायता सामग्री प्रदान गरिएको गाउँपालिकाका प्रशासन सहायक जीत सुनारले बताउनुभयो ।

"यो गाउँपालिकाको नियमित कार्यक्रम नै हो, गत वर्ष कोभिडका कारण सामग्री वितरण गर्न सकिएको थिएन, अहिले वडा तहमै गएर प्रदान गर्यौं", उहाँले भन्नुभयो । गाउँपालिकाका उपाध्यक्ष दिलकुमारी पुनले ज्येष्ठ नागरिकको सम्मानस्वरुप उपयोगी सामग्री प्रदान गरिएको बताउनुभयो । बजेटले भ्याएमा ८५ वर्षभन्दा कम उमेरका भए पनि द्वन्द्व प्रभावित र अतिविपन्न परिवारका ज्येष्ठ नागरिकलाई पनि फाइबर सिरक र टर्च लाइट प्रदान गरिने उहाँको भनाइ छ । उपाध्यक्ष पुनले ज्येष्ठ नागरिक सम्मानलाई बर्सेनि निरन्तरता दिइने उल्लेख गर्नुभयो । "उमेर बढ्दै जाँदा ज्येष्ठ नागरिकलाई आइपर्ने समस्यामा गाउँपालिका सहयोगी बनेको हो, ज्येष्ठ नागरिकमैत्री नीति, कार्यक्रम ल्याउन हाम्रो सधैँ पहल रहन्छ", उहाँले भन्नुभयो । यहाँका अन्य स्थानीय तहले पनि ज्येष्ठ नागरिलाई लक्ष्य गरी यस किसिमका सहायता कार्यक्रम सञ्चालन गर्दै आएका छन् ।

# सोह्र जिल्लामा कांग्रेसको अधिवेशन फागुन १५ गते

**पोखरापत्र संवाददाता**
**बागलुङ, ५ फागुन**

नेपाली कांग्रेसले यही फागुन १३ गतेका लागि पूर्वनिर्धारित १६ जिल्लाको अधिवेशन फागुन १५ गते गर्ने निर्णय गरेको छ ।

केन्द्रीय निर्वाचन समितिको बिहीबार बसेको बैठकले पार्टीको केन्द्रीय कार्यसम्पादन समिति र पार्टी नेतृत्वबाट अनुरोध भई आएबमोजिम जिल्ला अधिवेशनको कार्यतालिका र मिति संशोधन गरिएको जनाएको हो । यसअघि कांग्रेसले अधिवेशन हुन बाँकी सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, सिन्धुली, सिन्धुपाल्चोक, चितवन, मकवानपुर, नवलपुर, बाँके, अछाम र कैलालीको जिल्ला अधिवेशन फागुन १३ गतेका लागि निर्धारण गरेको थियो । उल्लेखित १६ जिल्लाबाहेक अन्य जिल्लामा निर्वाचन हुन बाँकी महासमिति सदस्य पदको निर्वाचन र जिल्ला कार्यसमिति मातहतका पालिका र वडा कार्यसमितिका बाँकी निर्वाचन निर्धारित फागुन १० गतेभित्रै हुने समिति सचिव केशव रिजालले जानकारी दिनुभयो ।

# २२ हजार बाख्रालाई पिपिआर खोप

**श्रीकृष्ण सिग्देल**
**स्याङ्जा, ५ फागुन**



स्याङ्जाको गल्याङ नगरपालिकामा २२ हजार बाख्रामा निशुल्क पिपिआर विरुद्धको खोप लगाइने भएको छ । नगरपालिकाका ११ वटै वडामा सुरु भएको यो अभियान फागुन २२ गते सम्म सञ्चालन हुने गल्याङ नगरपालिकाले जनाएको छ । बाख्रामा लाग्न सक्ने पिपिआर रोग महामारीको रुपमा फैलन सक्ने भन्दै गल्याङ नगरपालिकाले पहिले नै खोपको व्यवस्थापन गरेको हो ।

गल्याङ नगरपालिकामा हाल करिब २२ हजार भन्दा बढी बाख्रा रहेको र सबै बाख्रालाई खोपको व्यवस्था गरिने गल्याङ नगरपालिका पशु शाखाका प्रमुख सुशिल अर्यालले जानकारी दिए । यो बाख्राहरुमा एक प्रकारको सरुवा रोग हो शाखा प्रमुख अर्यालले भने,' बाख्राको नाकबाट पानी बग्ने, मुखमा खटिरा आउने, लगातार पखाला लाग्ने यसका लक्षण हुन् ।' यो रोग आफै उत्पत्ती नहुने र बाहिरबाट आउने बाख्राहरुबाट सर्ने रोग हो उनले भने । यो रोगलाई नेपालीमा पिपिआर भनिन्छ । गल्याङ नगरभित्र रहेका बाख्राको संरक्षण र यो रोगबाट बचाउन अहिले पिपिआर खोप लगाउन थालेको अर्यालले बताए । गल्याङ नगरपालिका बाख्रा पालनको पकेट क्षेत्र भएकाले हरेक बर्ष पिपिआर विरुद्धको खोप लगाउदै आएको छ । गल्याङ नगरपालिका प्रमुख भुपराज अधिकारीले बाख्रामा लाग्न सक्ने रोगको रोकथामका लागि निशुल्क खोपको व्यवस्थापन गरिएको बताए । व्यवसायिक रुपमा बाख्रापालन गर्नेहरुको संख्या बढिरहेको र नगरभित्र यो रोगले प्रवेश नपाओस भन्ने उदेश्यले रोगको अग्रिम रोकथामका लागि खोपको व्यवस्था गरिएको अधिकारीले बताए । किसानले उत्पादन बढाउनका लागि नगरपालिकाले कुनै कसर बाँकी राख्दैन उनले भने,'किसानहरुलाई आवश्यक पर्ने सबै कुरामा नगरपालिकाको उतिकै ध्यान छ ।' उत्पादनका आधारमा बाख्राको मासुमा पनि अनुदानको व्यवस्था हुने छ उनले भने । दुधमा प्रतिलिटर १५ रुपैयाँ अनुदानको व्यवस्थाले किसानमा उत्साह आएको भन्दै उनले मासुमा पनि प्रतिकिलोका दरले अनुदान दिने कार्यविधि बनाउन लागिएको बताए । लुम्बिनी प्रदेश र गण्डकी प्रदेशको सिमानामा यो नगरपालिका पर्दछ । भारत लगायत तराईबाट निर्यात हुने बस्तु गल्याङ नगरपालिकाको बाटो हुदै गण्डकी प्रदेशमा प्रवेश गर्नेभएकाले निकै जोखिम मानिदै आइएको छ । केही ठाउँहरुका बाख्रामा यो रोग देखिएकोले गल्याङमा रोग नदेखिदै रोकथाम गर्न खोप अभियान चलाइएको नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत दामोदर शर्माले बताए ।

कृषिमा आत्मनिर्भर बनाउने अभियानमा लागेको नगरपालिकालाई माटो, पशु पालनको सुरक्षा हुन सकेन भने उत्पादनमा कमी आउने छ शर्माले भने,'बेला बेलामा यस्ता प्राकृतिक रोगको नियन्त्रणमा लाग्नु आवश्यक छ ।' जसले किसान र नगरको आयमा बृद्धि गर्ने छ उनले भने । नेपालमा २०५०/५१ मा पहिलो पटक पिपिआर रोग देखा परेको र त्यसपछि महामारीको रुपमा देखिएको बताइएको छ । पिपिआर विरुद्धको खोप लगाउनका लागि गल्याङ नगरपालिका पशु चिकित्सक डाक्टर अनिस सापकोटा सहित पशु प्राविधिकहरु वडा वडामा खटिएका छन् ।

# हात्तीपाइले रोग विरुद्धको औषधि खुवाइँदै

**पोखरापत्र संवाददाता**
**बागलुङ, ५ फागुन**

जिल्लामा १३औं पटक हात्तीपाइले रोग विरुद्धको औषधि खुवाइने भएको छ । १२औं पटक आम औषधि सेवन अभियान सञ्चालन भइसकेको बागलुङमा अझै हात्तीपाइले रोगका बिरामी फेला परेकाले १३औं पटक आम औषधि सेवन कार्यक्रम सञ्चालन गर्न लागिएको हो ।

गण्डकी प्रदेशको स्वास्थ्य निर्देशनालयले आम औषधि सेवन कार्यक्रम सञ्चालनका लागि बागलुङका सरोकारवालासँग समीक्षा तथा योजना गोष्ठी सम्पन्न गरेको छ । जिल्लाका दशवटै स्थानीय तहले फागुनको १५ गतेदेखि अभियानअन्तर्गतका विभिन्न कार्यक्रम सञ्चालन गर्ने कार्ययोजना बनाएका छन् । हात्तीपाइलेको प्रारम्भिक खोजीका क्रममा जाँच गरिएकामध्ये २.४६ प्रतिशतमा सङ्क्रमण देखिएकाले आम औषधि सेवन अभियान १३औं पटक सञ्चालन गर्नुपरेको हो । २०७७ माघ महिनामा आम औषधि सेवन अभियान सञ्चालन पूर्व गरिएको परीक्षणमा १० जनामा पुनः सङ्क्रमण देखिएको थियो । त्यसयता गत चैतमा एक पटक आम औषधि सेवन अभियान सञ्चालन भइसकेको छ ।

इपिडेमीयोलोजी तथा रोग नियन्त्रण महाशाखाका अनुसार सङ्क्रमितको दर २ प्रतिशतभन्दा कम नआएमा लगातार दुई वर्ष आम औषधि सेवन अभियान सञ्चालन गरेर औषधि खानुपर्छ।बागलुङनगरपालिका-१४ को नारायणस्थानमा ८ जना र कुश्मीशेरामा दुई जनामा सङ्क्रमण फेला परेको थियो । दुवै ठाँउमा तीनसय जनामा परीक्षण गरिएको थियो । आम औषधि सेवन कार्यक्रम जिल्लाका सबै स्थानीय तहमा सञ्चालन हुनेछ ।

परीक्षण गरिएकामध्ये दुई प्रतिशतभन्दा कम मानिसमा सङ्क्रमण देखिएको अवस्थामा मात्रै यो आम औषधि खाने अभियान सञ्चालन गर्नु नपर्ने स्वास्थ्य कार्यालय बागलुङका प्रमुख सुरज गुरौले बताउनुभयो । एकजना मात्रै सङ्क्रमित औषधि खानबाट छुट्दा मात्रै जिल्लाभर नै आम औषधि अभियान सञ्चालन गर्नुपर्ने अवस्था आउने भन्दै गुरौले सबै नागरिकलाई औषधि खान आग्रह गर्नुभयो ।

गोष्ठीमा सहभागी स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत तथा स्वास्थ्य शाखाका प्रमुखले सङ्क्रमण देखिएको क्षेत्रमा मात्रै आम औषधि सेवन अभियान चलाउने वा सबै स्थानीय तहमा जाँचको व्यवस्था गर्न माग गरेका थिए । 'हामीले आम औषधि सेवन चलाउदा समाजमा जानेबुझेका शिक्षकनै औषधि खान मान्नुहुन्न, हाम्रोमा जाँच भएको होइन हामीले किन खाने भन्नुहुन्छ ?' गलकोट नगरपालिकाको स्वास्थ्य शाखाकी प्रमुख मीरा शर्माले भन्नुभयो, "पटक-पटक सञ्चालन भएको अभियानमा स्वास्थ्यकर्मीलाई असहज भइरहेको छ ।" किटजन्य रोग अनुसन्धान तथा तालिम केन्द्र हेटौंडाका अनुसार पाँच वर्ष लगातार सबै नागरिकले आम औषधि सेवन अभियानमा सहभागी हुँदा छैटौं पटक औषधि खानुपर्दैन । तर अभियानमा सबै सहभागी नहुँदा पटक-पटक अभियान सञ्चालन गर्नुपरेको हो ।



## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. १९ पुरनचौर सडक नाला तथा ढलान निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।**

**योजनाको नामः पुरनचौर सडक नाला तथा ढलान निर्माण**

**ठेगानाः योजना पोखरा– १९**

**योजना शुरु हुने मिति : २०७८/०९/०१ गते**

**योजना सम्पन्न मिति : २०७८/१२/२९ गते**

**योजना सम्पन्न मितिः २०७८/१०/२९ गते**

**योजनाको कुल लागत : रु. १३,३३,३३३/३३**

**महानगरपालिकाबाट प्राप्त रकम : रु.१२,००,०००/-**

**जन सहभागितावाट : रु.१,३३,३३३/३३**

**उपभोक्ता समिति अध्यक्षः दान बहादुर भुजेल**

**उपभोक्ता जम्मा सदस्यः ९ जना महिला सदस्यः २ जना**

**पुरनचौर सडक नाला तथा ढलान निर्माण योजना**

**पोखरा-१९, कास्की**

# म्याग्दीका किसान व्यावसायिक खेतीतर्फ आकर्षित

पोखरापत्र संवाददाता
म्याग्दी, ५ फागुन

लाहुर जाने र पैसा कमाउने परम्परागत सोंचलाई परिवर्तन गरी अब म्याग्देली युवा गाउँ फर्केर उद्यम गर्ने कार्यमा जुट्न थालेका छन् । विदेश गएर फर्केका युवा फलफूल र पशुपालनमा लागेपछि यहाँको ग्रामीण जीवनशैलीमा समेत परिवर्तन आउन थालेपछि विदेशमा रहेका युवासमेत धमाधम गाउँ फर्केर उद्यममूलक कार्य गरिरहेका छन् । तीमध्ये धेरै युवाको रोजाइमा व्यावसायिक कृषि तथा पशुपालन परेको छ ।

जिल्लाका छवटै स्थानीय तहमा फलफूलखेती र पशुपालनतर्फ युवाको आकर्षण बढ्दै गएको मङ्गला गाउँपालिकाका कृषि प्राविधिक जगत बानियाँले बताउनुभयो । बानियाँका अनुसार अहिले विदेशबाट फर्केर कृषिमा लागेका युवाको सङ्ख्या जिल्लामा उल्लेख्य रहेको छ। उनीहरु पशुपालन, तरकारी र फलफूलखेती, साना तथा घरेलु उद्योग तथा अन्य व्यापार तथा व्यवसायमा लागेका छन् ।

सङ्घ, प्रदेश र स्थानीय सरकारले कृषिलाई उच्च प्राथमिकतामा राखेर अनुदान र सहयोग गर्न थालेपछि यस क्षेत्रमा युवाको आकर्षण बढ्दै गएको हो । एक दशक लामो कोरियाको बसाईंलाई बिट मारेर स्वदेश फर्केका बेनी नगरपालिकाका कृष्ण खत्री, मलेशियाबाट १३ वर्षपछि गाउँ फर्किएका एकन थापा, भारतको मुम्बईमा पाँचतारे होटलमा १६ वर्ष काम गरेर गाउँ फिरेका गणेश घिमिरेलगायत जिल्लाका २०० भन्दाबढी युवाले व्यावसायिकरुपमा गरेको कृषि तथा पशुपालन अहिले जिल्लामा उदाहरणीय बन्दै गएको छ । उनीहरुले आफूले विदेशमा देखेको र सिकेको सीपलाई आफ्नै गाउँको पाखापखेरा र खेतबारीमा प्रयोग गरिरहेका बेनी नगरपालिका-२ का अगुवा कृषक चन्द्रबहादुर कार्कीले बताउनुभयो ।

विदेशबाट फर्केका युवाले कुखुरापालन, बाख्रापालन, फलफूलखेती, तरकारीखेती र पर्यटनका क्षेत्रमा रहर लाग्दो प्रगति गरिरहेका रघुगङ्गा गाउँपालिकाका अध्यक्ष भवबहादुर भण्डारीले बताउनुभयो।व्यावसायिककृषिकाअलवा यहाँका युवा जडीबुटीखेती र होटलका क्षेत्रमा पनि आकर्षित भएका छन् । जिल्लाको अन्नपूर्ण, मालिका र धवलागिरि क्षेत्रका युवा जडीबुटीखेतीतर्फ पनि आकर्षित भएका स्थानीय तहका जनप्रतिनिधिले बताएका छन् । विगत पाँच वर्षको अन्तरालमा म्याग्दीमा फलफूल र पशुपालन व्यवसायले निकै फड्को मारेकाले फलफूल, तरकारी, दुग्धजन्य र मासुजन्य चीजबाट जिल्लामा वार्षिक करोडौँ रुपैयाँ आम्दानी हुन थालेको सरोकारवालाको भनाइ छ । अहिले जिल्लाका २०० भन्दाबढी युवा व्यावसायिक कृषि तथा पशुपालनमा लागेको स्थानीय तहको तथ्याङ्क छ ।

# गोरेटो बाटो मोटरबाटोमा परिणत: स्थानीयवासीको जनजीवन सहज

–खेमराज गौतम
बागलुङ, ५ फागुन

आङ सिरिङ्गै हुने भीरपाखा । बस्तुभाउ उकाली-ओराली गराउँदासमेत समस्या । जिल्लाकै बढी भौगोलिक रुपमा भिरालो जमिन भएको पालिका हो, बागलुङको तमानखोला गाउँपालिका ।

अहिले त्यही आङ्ग सिरिङ्गै हुने भीरमा बाह्रै महिना सवारी गुड्दै आएका छन् । तमानखोला गाउँपालिका-६ स्थित नर्जाखानीका कली छन्त्यालले यस्तो भीरपाखामा मोटर गुड्लान भनेर कहिलै नसोचेको बताउनुभयो । घर अघिबाट दैनिक सवारी गुड्दा छन्त्यालले विकासको अनुभुती गर्नुभएको छ । “मोटरबाटोले गाउँको मुहारै फेरिएको छ, तारे भीर काटेर मोटर आउँलान भन्ने सोचेकै थिएनौं, चार वर्ष अघि सम्म गाउँपालिकाको केन्द्र बोङ्गादोभान सम्म नै ६ महिना सवारी देखिदैन्थें”, उहाँले भन्नुभयो, “अहिले मोटरेवल पुल बनेपछि गाउँपालिकाको केन्द्र बोङ्गादोभानमा बाह्रैमास सवारी आउँछन्, गाउँका साना-साना खोलामा समेत हिमपाइप राखिएको छ, खोला बढ्दा एक दुई दिन समस्या हुन्छ नत्र बाह्रैमास गाउँमा सवारी गुड्छन् ।”

पहिला पहिला सडक नहुँदा बिरामीलाई मान्छेले डोकोमा बोकेर लैजानु परेको र समयमै उपचार नपाउँदा अकालमा ज्यान गुमाउनु परेको अवस्था थियो । अहिले मोटरबाटोले गर्दा बिरामीहरु गाडीमै अस्पतालसम्म पुगेर उपचार गराउन पाउने भएकाले यहाँका स्थानीयवासी खुसी भएका छन् । बागलुङको सबैभन्दा बिकट मानिने तमानखोलाका सबै टोल सडक सञ्जालसंग जोडिका छन् ।

गाउँपालिका स्थापना भएको पाँच वर्षमा यहाँका २७ वटै बस्तीमै सडक पुगेको छ । गाउँपालिकाका अनुसार पाँच वर्षमा गाउँपालिकाले १२९ किलोमिटर सडक निर्माण गरेको छ । विकास पूर्वाधारका हिसाबले स्थानीय तह गठन हुनुपूर्व यहाँका नागरिकको दैनिकी कष्टकर भएपनि अहिले सडक निर्माणले जनजीवन सहज भएको छ । बाह्रैमास सडक सञ्चालनका लागि मोटरेवल पुल र पुल नबेको खोलामा कल्भर्ट समेत बनाइएको छ । पाँच वर्ष अघिसम्म मोटरबाटोले गाउँहरु जोडिएका थिएनन्।त्यसलेगर्दातमानखोलावासी घण्टौं लगाएर दैनिक उपभोग्य सामान घोँडाखच्चडमा ढुवानी गर्थे । तर घोँडाखच्चड हिँड्ने गोरेटो बाटो अहिले मोटरबाटोमा परिणत भएका छन् । भौगोलिक हिसाबले पिछडिएको यस ठाउँमा सडक निर्माण गर्नु निकै चुनौतीपूर्ण रहेको थियो । गाउँपालिका, गण्डकी प्रदेश र सङ्घीय सरकारको सहयोग र सहकार्यमा यहाँका विभिन्न सडक निर्माण भएको गाउँपालिकाले जनाएको छ । गाउँ-गाउँमा सडक पुगेपछि आमनागरिकको दैनिकी फेरिएको छ। छ वडा रहेको तमानखोलाका वडा नं ६ नर्जाखानी, भित्रिवन र पात्ले गाउँ सबैभन्दा दुर्गममा पर्छन् ।

यी गाउँमा मोटरबाटो आउँला भनेर स्थानीयवासीले कहिल्यै कल्पना समेत गरेका थिएनन् । आम नागरिकको चाहना र माग बमोजिम गाउँपालिकाले सडक पुऱ्याइएको छ । मोटरवल सडक सञ्जालमा जोडिनु पूर्व यहाँका स्थानीयवासीलाई सामान किनमेलका लागि घण्टौँ लगाएर बुर्तिबाङ बजार आउनुपर्थ्यो ।

सडक सञ्जालमा जोडिएपछि अहिले त्यहाँका बासिन्दा एक ढेड घण्टामै बुर्तिबाङ बजार आइपुग्छन् । सडक सञ्जालले गाउँ जोडिएपछि अहिले डोकोमा सामान बोकेर उपभोग गर्नु पर्ने अवस्थाको अन्त्य भएको स्थानीयवासी मनबहादुर सिर्पालीले बताउनुभयो । “मोटरबाटो त हाम्रा लागि बरदानै सावित भयो, अन्धकारबाट उज्यालोमा आएको जस्तै भएको छ”, उहाँले भन्नुभयो। गत वर्षसम्म गाउँपालिकाको केन्द्र बोङ्गादोभानसम्मपनिबाह्रैमहिनागाडी चल्दैन्थें। यस वर्ष भालिबाङखोला र लुकुरबनखोलामा मोटरेवल पुल निर्माण भएपछि बाह्रै महिना यातायात सञ्चालन हुने भएको छ । गाउँपालिकाअन्तर्गत २७ गाउँ बस्ती छन् । ती सबै बस्तीहरुमा सडक सञ्जाल पुगिसकेको गाउँपालिकाका अध्यक्ष जोकलाल बुढा मगरले बताउनुभयो । उहाँले यहाँका बासिन्दा घरदेखि पाँच मिनेट पैदल यात्रा गरेमा मोटर चढ्न सक्ने गरी सडक सञ्जालमा जोडिएको बताउनुभयो । गाउँपालिकाका अध्यक्ष बुढा मगरले आफूहरु जनप्रतिनिधि भएर आएपछि पालिकाभर १२९ किलोमिटर सडक निर्माण गरेको जानकारी दिनुभयो ।

यस अवधीमा गाउँपालिकाले सडक निर्माणका लागि रु. १० करोडभन्दा बढी लगानी गरिसकेको जानकारी दिनुभयो । अहिलेका सडकलाई चौडा पार्ने, नाली निर्माण गर्ने र निरन्तर सवारीका साधन चल्ने गरी काम अगाडी बढाइने उहाँको भनाइ छ । “जनप्रतिनिधि भएर आउँदा तमानखोलाका गाउँ सडक सञ्जालसँग जोडिएका थोरै थिए, हामीले नागरिकको आवश्यकता र मागका आधारमा सडक निर्माण गऱ्यौँ”, अध्यक्ष बुढामगरले भन्नुभयो, “अहिले गाउँपालिकाको २७ वटै बस्तीहरुमा सडक पुऱ्याएका छौँ, अब यी सडकहरुको स्तरोन्नतीतर्फ ध्यान दिएका छौँ, गाउँपालिकाको गुरुयोजना बनाएर प्रदेश र सङ्घमा समेत बजेट माग गरिरहेका छौं ।”

# फूलपाती विसर्जन गरी स्वस्थानी व्रत समापन

रासस
काठमाडौं, ५ फागुन

पौष शुक्ल पूर्णिमादेखि सुरु भएको एक महिने स्वस्थानी व्रत बुधबार रातभर जाग्राम बसी बिहीबार बिहान पवित्रस्थलमा फूलपाती विसर्जन गरेर समापन गरिएको छ ।

पौष शुक्ल पूर्णिमादेखि नै सुरु गरिएको स्कन्द पुराणअन्तर्गतको केदार खण्डको माघ माहात्म्यमा कुमार र अगस्त्यबीच भएको संवादलाई स्वस्थानी कथाका रुपमा भन्ने र सुन्ने क्रम समापन गरी बर्तालु रातभर जाग्राम बसेका थिए । जाग्रामपछि आज बिहान एक महिनासम्म स्वस्थानी देवीलाई चढाइएको फूलपाती नजिकको नदी, ताल, तलाउ वा पोखरीमा लगी सेलाउने व्रत विधि छ । विधिपूर्वक एक महिने व्रत गरेका बर्तालुले माघ शुक्ल पूर्णिमाका दिन शनिबार १०८ जनै, १०८ सुपारी, १०८ पान, १०८ फूल, १०८ रोटी, १०८ अक्षता विभिन्न थरीका फलफूल, धूप, बत्ती, नैवेद्य, श्रीखण्ड, रक्तचन्दन, सिन्दूर, वस्त्र, भेटी चढाई व्रतको कामना पूर्ण होस् भनी भगवतीलाई अर्घ्य दिइन्छ । चढाइएका प्रसादमध्ये सबैबाट आठ/आठ पतिलाई, पति नभए छोरालाई र छोरा पनि नभए मीत छोरालाई एवं मीत छोरा पनि नभएमा कामना सिद्ध होस् भनी नजिकको पवित्र नदीमा लगी बगाउने व्रत विधि छ ।

आफू बसेको स्थानकी देवीको पूजा गर्नु नै स्वस्थानी पूजा हो । उत्तरायणपछिको समय ध्यान, योग साधनाका लागि उपयुक्त भएकाले स्वस्थानअर्थात् आफ्नो आत्मामा सम्पर्कको अभ्यास गर्नुलाई स्वस्थानी भनिएको विश्वास पनि छ । यसका लागि पौष शुक्ल पूर्णिमादेखि माघ शुक्ल पूर्णिमासम्मको समय राम्रो मानिन्छ ।

सुवर्ण वर्णकी, त्रिनेत्रधारी, प्रसन्न मुद्रा भएकी, कमल र सिंहासनमा बसेकी, चार हात भएकी देवीलाई स्वस्थानी देवी भनिन्छ । स्वस्थानीका चार हातमध्ये पहिलो हातमा नीलकमल, दोस्रो हातमा खड्ग, तेस्रो हातमा ढाल र चौथो हातमा वरदमुद्रा लिएकी देवी स्वस्थानी हुन् भनी व्रतकथामा उल्लेख गरिएको छ । यस्ती देवीको विधिपूर्वक व्रत गरेमा बिछोड भएका जोडीको पुनर्मिलन हुन्छ भन्ने विश्वास छ। रोग व्याध लागेको भए ठीक हुने र पति वा पत्नीका रुपमा कसैलाई इच्छाएको भए प्राप्त हुने कथासमेत प्रचलित छ। सत्य युगमा हिमालय पर्वतकी पुत्री पार्वतीले महादेवलाई पति पाऊँ भनी विष्णुको निर्देशानुसार स्वस्थानीको व्रत गरेको कथा स्वस्थानीमा वर्णन गरिएको छ। व्रतपछि बिछोडमा परेका नाग नागिनीको समेत पुनर्मिलन भएको कथामा उल्लेख छ ।

गोमा ब्राह्मणीले सप्तऋषिले सिकाएको व्रतविधिअनुसार गर्दा पुत्र वियोगबाट मुक्ति मिलेको र व्रतकै प्रभावले छोरा नवराज लावण्य देश हालको साँखु क्षेत्रको राजा भएको कथासमेत स्वस्थानीमा वर्णन गरिएको साँखुको ऐतिहासिक, धार्मिक, पुरातात्विक, सांस्कृतिक र पर्यटकीय विषयमा अनुसन्धानरत इतिहासकार प्रकाश श्रेष्ठ ‘सक्व’ ले जानकारी दिनुभयो । उपत्यकाको पूर्वी भेगस्थित शालीनदीमा पौष शुक्ल पूर्णिमादेखि सुरु भएको माधवनारायण व्रत पनि आज बिहान स्नानलगायत कर्म गरी समापनको तयारी गरिएको श्री माधवनारायण स्वस्थानी व्रत तथा शालीनदी सुधार समितिले जनाएको छ । यस वर्ष १२५ बर्तालुले माधवनारायणको व्रत गरेका थिए ।

# विश्वकप ग्लोबल छनोट : नेपालले ओमानसँग खेल्ने

रासस
काठमाडौं, ५ फागुन

आइसिसी पुरूष टी-२० विश्वकप ग्लोबल छनोटअन्तर्गत समूह ‘ए’ को खेल भोलिदेखि ओमानमा हुने भएको छ ।

ओमानको एकेडेमी १ मा हुने खेलमा नेपालले विजयी लक्ष्य हासिल गर्ने उद्देश्यका साथ शुक्रबार ओमानको सामना गर्नेछ। विश्वकप ग्लोबल छनोटको तयार ीस्वरुप नेपालले यसअघि चार देश सम्मिलित टि ट्वान्टी सिरिज खेलेको थियो । यसमा नेपालले ओमानलाई ६ विकेटले पराजित गरेको थियो ।

सोही सिरिजको अन्य खेलमा संयुक्त अरब इरिमेटसँग (युएई) २५ रन र आयरल्यान्डसँग १६ रनले पराजित भएको थियो । त्यसअघि नेपालले ओमानसँग टी-ट्वान्टीमा पछिल्लो पटक सन् २०१९ मा खेलेको थियो । जसमा ओमानले नेपाललाई ६ विकेटले पराजित गरेको थियो । विश्वकप ग्लोबल छनोटअन्तर्गत समूह ‘ए’ मा विभिन्न आठ राष्ट्र सहभागी छन् । जसमा आयोजक ओमानसहित नेपाल, बहराइन, क्यानडा, जर्मनी, आयरल्यान्ड, फिलिपिन्स र संयुक्त अरब इमिरेट्स (युएई) छन् ।

ती आठ टोलीलाई पनि दुई समूहमा विभाजन गरिएको छ। समूह १ मा नेपाल, क्यानाडा, फिलिपिन्स र ओमान छन् भने समूह दुईमा युएई, बहराइन, आयरल्यान्ड र जर्मनी रहेका छन् । प्रतियोगिता फाइनल पुग्ने दुई टोलीले आगामी अक्टोबर १६ देखि नोभेम्बर १३ सम्म अष्ट्रेलियामा हुने टि २० विश्वकपमा स्थान बनाउनेछन् । नेपाली टोलीमा सन्दीप लामिछाने (कप्तान), कुशल भुर्तेल, आसिफ शेख, दीपेन्द्रसिंह ऐरी, ज्ञानेन्द्र मल्ल, शरद भेषावकर, आरिफ शेख, जीतेन्द्र मुखिया, अभिनाश बोहरा, कमलसिंह ऐरी, विवेक यादव, सागर ढकाल, लोकेश बम र गुलशन झा छन् । वैकल्पिकमा भने कुशल मल्ल, साहब आलम र प्रदीप ऐरी छन् ।

# वैशाखभित्र नयाँ शैक्षिक सत्र : शिक्षामन्त्री

रासस
काठमाडौं, ५ फागुन

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले आगामी वैशाखबाटै नयाँ शैक्षिक सत्र सुरु गरिने र जेठ १ गतेबाट कक्षा सञ्चालन हुने बताउनुभएको छ ।

शान्ति शिक्षा मन्दिर माध्यमिक विद्यालय काठमाडौँ महानगरपालिका-१७ ठहिटीको नयाँ भवनको बिहीबार उद्धाटन गर्दै मन्त्री पौडेलले आगामी तीन वर्षभित्र सबै सार्वजनिक विद्यालयका भवन बनाउने पनि बताउनुभयो । ‘राष्ट्रपति शैक्षिक सुधार कार्यक्रममार्फत करिब एक हजार ९०० विद्यालय बनेका छन्’, मन्त्री पौडेलले भन्नुभयो, ‘देशभरका विद्यालयमा के आवश्यकता छ त्यसको आधारमा अब विद्यालयका पूर्वाधार बन्छन् ।’, मन्त्री पौडेलले विद्यालय भवनले मात्रै नहुने भन्दै शैक्षिक गुणस्तरका लागि शिक्षक, अभिभावक र विद्यार्थी लाग्नुपर्नेमा जोड दिनुभयो। पूर्वाधार निर्माणसँगै ‘पढ्दै कमाउँदै’ कार्यक्रम अघि बढेकाले केही दिनभित्र अर्थ मन्त्रालयबाट बजेट स्वीकृत गरी निवेदन दिएका विद्यालयमा सोही कार्यक्रम जाने पनि उहाँले बताउनुभयो । शिक्षण सिकाइलाई थप प्रभावकारी बनाउन विद्यालयमा ल्याब, आइसीटी ल्याबको व्यवस्था गरिएको बताउँदै शिक्षक दरबन्दी र १८ वर्षदेखि रोकिएको आन्तरिक बढुवाको काम अघि बढेको बताउनुभयो। उहाँले सङ्घीय शिक्षा, प्राविधिक शिक्षा, उच्च शिक्षा ऐनको काम मन्त्रालयले सकेर अर्थ र कानुनमा पठाएको दोहोराउनुभयो । विसं २०७२ वैशाख १२ गतेको भूकम्पबाट क्षतिग्रस्त भइ नेपाल सरकार र एसियाली विकास बैंकको आर्थिक सहयोगबाट राष्ट्रिय पुनःनिर्माण प्राधिकरण केन्द्रीय आयोजना कार्यान्वयन एकाइ (शिक्षा) को विपद् उत्थानशील विद्यालय परियोजनमार्फत चार करोड १७ लाखमा २२ कोठे भवन बनेको हो । मन्त्री पौडेलले शैक्षिक प्रमाणपत्र धितो राखेर ऋण दिने विषयमा अर्थमन्त्री जर्नादन शर्मासँग छलफल गर्नुभएको छ। बिहीबार मन्त्री पौडेलले धितो राखेर ऋण दिने विषयमा छलफल गर्नुभएको हो। सरकारले आर्थिक वर्ष २०७८/७९ को बजेटमा स्नातक वा सोभन्दा माथि शैक्षिक योग्यता हासिल गरेका युवालाई प्रमाणपत्र धितो राखी कर्जा दिने कार्यक्रम समेटेको थियो। बजेटमा सहुलियतपूर्ण ब्याजदरमा २५ लाख रुपैयाँसम्म कर्जा उपलब्ध गराइने उल्लेख छ।


प्रदेश सरकार
भूमि ब्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
**पशु सेवा तालिम केन्द्र**
गण्डकी प्रदेश, पोखरा

**सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति २०७८/११/०६

१. यस कार्यालयबाट विद्युतीय माध्यमबाट निम्नानुसारको निर्माण कार्यको लागि सिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ ।

| सि.नं | ठेक्का नं | कामको विवरण | निर्माण कार्यको लागत अनुमान (मु.अ.क वाहेक) रु. | दरभाउपत्र दस्तुर रु. | दरभाउपत्र जमानत रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | LTC/SQ/ W/01/078/79 | पानी टंकी निर्माण | १०,२५,६२७.५४ | १०००.०० | ३०,०००.०० | |

२. सिलबन्दी दरभाउपत्र पेश गर्न ईच्छुक र योग्य दरभाउपत्रदाताहरुले सार्वजनिक खरिद कार्यालयको वेभसाईट **www.bolpatra.gov.np/epg** मा हेर्न तथा सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजात डाउनलोड गर्न सक्नेछन । माथि उल्लेखित दरभाउपत्र दस्तुर निम्न खातामा जम्मा गर्नुपर्नेछ ।
बैंकको नाम : राष्ट्रिय वाणिज्य बैंक, पृथ्वीचोक — कार्यालयको नाम : पशु सेवा तालिम केन्द्र , पोखरा
कार्यालयको कोड नं : ३१२०४३९०१४ — कार्यालयको खाता नं : १०००१००५०१००४०००
राजस्व शीर्षक नं : १४२२९

३. सिलबन्दी दरभाउपत्रहरु मिति २०७८/११/२२ गते अपरान्ह १२:०० बजे भित्र सार्वजनिक खरिद कार्यालयको वेभसाईट www.bolpatra.gov.np/epg मा पेश गरि सक्नुपर्नेछ । उल्लेखित समय भन्दा ढिलो गरी प्राप्त भएका दरभाउपत्र अस्वीकृत गरिनेछ ।

४. प्राप्त भएका सिलबन्दी दरभाउपत्रहरु मिति २०७८/११/२२ गते अपरान्ह १:०० बजे उपस्थित हुन चाहने निर्माण व्यवसायी वा निजका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । दरभाउपत्रको मान्य अवधि दरभाउपत्र खोलिएको दिन देखि गणना हुनेगरी ४५ दिनको हुनेछ। दरभाउपत्रको साथ माथि उल्लेखित दरभाउपत्र जमानत अनिवार्य रुपमा पेश गर्नुपर्ने छ र त्यस्तो दरभाउपत्र जमानतको मान्य हुने अवधि कम्तीमा पनि ७५ दिनको अर्थात २०७९/०२/०५ सम्म हुनु पर्नेछ। दरभाउपत्रदाताले जमानत वापत नगदै राख्न चाहेमा प्रदेश लेखा नियन्त्रक कार्यालयको राष्ट्रिय वाणिज्य बैंक पृथ्वीचोक स्थित धरौटी खाता नं ३०२०१००२०२०३०००० (कार्यालयको कोड नं. ३१२०४३९०१४) मा जम्मा गर्न सकिनेछ र रकम जम्मा गरेको सक्कल भौचर सिलबन्दी दरभाउपत्र साथ पेश गर्नुपर्नेछ ।

५. दरभाउपत्र खरिद गर्ने पेश गर्ने वा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा त्यसपछिको लगत्तै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ। यस्तो अवस्थामा दरभाउपत्र तथा दरभाउपत्र जमानतको मान्य अवधि साविककै मितिदेखि गणना गरिनेछ।

६. यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ (संसोधन सहित) र सार्वजनिक खरिद नियमावली २०६४ (संसोधन सहित) बमोजिम हुनेछ ।